# ४. श्री जगतमोहन अधिकारी

*[संवत् २०३४ सालको 'मदन पुरस्कार' 'लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन' भन्ने ग्रन्थको लागि त्यसका रचयिता डा. वासुदेव त्रिपाठीलाई समर्पण गर्न संवत् २०३५ साल कार्तिक २४ गते रोज ६ का दिन आयोजित समारोहमा त्रिभुवन विश्वविद्यालयका तत्कालीन उपकुलपति श्री जगतमोहन अधिकारीले दिनुभएको प्रवचन। यो प्रवचन 'नेपाली' त्रैमासिक अङ्क ७७ बाट उद्धृत गरिएको हो। स्मरणीय छ, संवत् २०३३ सालको 'मदन पुरस्कार' पनि कसैलाई प्रदान गरिएको थिएन।]*

महिला तथा सज्जनवृन्द !

आज यहाँ आयोजित 'मदन पुरस्कार' वितरण समारोहमा मलाई केही मन्तव्य प्रकट गर्ने अवसर प्रदान गर्नुभएकोमा म सर्वप्रथम मदन पुरस्कारकी संस्थापिका रानी जगदम्बा तथा अन्य आयोजक महानुभावहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

नेपाली वाङ्मयका प्रेमी, लेखक तथा कविहरूको निम्ति मदन पुरस्कार चिरपरिचित भइसकेको छ। उत्कृष्ट भाषा, साहित्यको क्षेत्र धेरैधेरै प्रोत्साहित हुँदै आएको छ। मलाई लाग्दछ, मदन पुरस्कारकी संस्थापिका रानी जगदम्बाको प्रशंसनीय उदारताबाट कवि, लेखक एवं साहित्यप्रेमीहरू चिरऋणी रहनेछन्।

राष्ट्रको गौरव र व्यक्तित्वलाई कुनै खास कालखण्ड र भूखण्डभन्दा पनि अझ परपरसम्म प्रोज्वल तुल्याउनमा त्यस देशको वाङ्मय-विकासले प्रमुख भूमिका खेलेको हुन्छ। राष्ट्रका आफ्नै चिन्तन र परिकल्पना हुन्छन् र साथै आफ्नै किसिमका अनुभूति र विशेषताहरू पनि हुन्छन्। यी सबै कुरालाई सामाजिक तथा राष्ट्रिय परिवेश र भावभूमिको आधारमा अभिव्यक्ति प्रदान गर्ने भाषा, संस्कृति र साहित्य नै हो। यसकारण राष्ट्रको विकास निम्ति भाषा-साहित्य र वाङ्मयको विकासप्रति सम्बन्धित सबै पक्षको निरन्तर प्रयास हुनु अत्यावश्यक हुन जान्छ। यस किसिमको प्रयासमा मदन पुरस्कार गुठीको योगदानले स्थायी एवं सिर्जनात्मक प्रभाव पार्दै आएको कुरा विज्ञवर्गबाट छिपेको छैन। हाम्रो जस्तो विकासशील देशमा एक व्यक्तिको प्रयास र उदारताले यसरी संस्थागत रूप लिएर नेपाली वाङ्मयको विकासको माध्यमद्वारा राष्ट्रिय विकासको पक्षमा ठोस सघाउ पुऱ्याउँदै आउनु निश्चय पनि महत्त्वपूर्ण कुरा हो।

आजको यस समारोहमा विद्वान् समालोचक डा. वासुदेव त्रिपाठीले "लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन" शोधप्रबन्धसम्बन्धी महत्त्वपूर्ण ग्रन्थ लेख्नुभएकोमा उहाँलाई 'मदन पुरस्कार' प्रदान गरिनु अत्यन्त खुशीको कुरा हो। बडो परिश्रम साथ लेखिएको यो शोधप्रबन्ध नेपाली समालोचनाको क्षेत्रमा उपयोगी ग्रन्थ हो। यसबाट उच्च शिक्षाका छात्रहरूका अतिरिक्त अन्य साहित्यिक व्यक्तिहरूलाई समेत कविशिरोमणि लेखनाथलाई बुझ्न र बुझाउन सुगम हुनेछ भन्ने ठान्दछु।

नेपाली भाषा साहित्यलाई समय-समयमा कवि, साहित्यकार एवं लेखकहरूले नयाँ-नयाँ मोड दिँदै आएका छन्। यस्ता कवि लेखकहरूको युगानुकूल सिर्जनात्मक पक्षको महत्त्व र प्रेरणा एकातिर छ भने अर्कोतर्फ कवि, लेखकहरूको व्यक्तित्व र कर्तृत्वको विवेचना र विश्लेषण गरी साहित्यका अध्येता र पाठकहरूमा ती कविहरूको मान्यता र धारणालाई स्पष्ट पारी बौद्धिक आलोकलाई व्यापक बनाउँदै जानुपरेको छ। खास उद्देश्य र स्तरको आधारमा कवि लेखकहरूको मूल्याङ्कन गर्ने प्रयास भर्खरभर्खरै सुरु हुन लागेको छ। समालोचना अथवा मूल्याङ्कन निकै कठिन विषय हो। यस क्षेत्रमा रुचि लिई अघि बढेका लेखकहरूलाई उत्साहित गर्नु हामी सबैको कर्तव्य हो। आज प्रदान हुन लागेको पुरस्कारले यस क्षेत्रमा विशेष हौसला प्रदान गर्नेछ।

नेपालको बौद्धिक, साहित्यिक र शैक्षिक क्षेत्रलाई माथि उठाउनमा त्रिभुवन विश्वविद्यालयले पनि योजनाबद्ध रूपबाट यथाशक्य प्रयास गर्दै आएको छ। यस सिलसिलामा नेपाली भाषा साहित्यलाई मूल आधार मानेको छ। अतः नेपाली भाषा साहित्यको विकासमा सक्रिय रहने मदन पुरस्कार गुठी जस्ता संस्थाहरूसित निकट सम्पर्क राखी पारस्परिक सहयोगको वातावरण कायम गर्न विश्वविद्यालय सधैँ इच्छुक छ। नेपाली भाषा साहित्य विकासको जुन हाम्रो व्यापक उद्देश्य छ त्यसलाई विचार गर्दा सम्बन्धित संस्थाहरूबीचको सम्बन्ध र संयुक्त प्रयासलाई अझ नजिक तुल्याउनु पर्ने महसुस हुन्छ।

आज रानी जगदम्बाबाट वरिष्ठ प्राधयापक डा. वासुदेव त्रिपाठीको महत्त्वपूर्ण अनुसन्धान कृतिलाई पुरस्कृत गर्नु भाषा साहित्यको क्षेत्रमा योगदान गर्ने सम्पूर्ण विद्वान्हरूको सम्मान हो। यस कार्यबाट नेपाली भाषा साहित्यमा अनुसन्धान गर्ने विद्वान्हरूलाई नयाँ उत्साह र प्रेरणा प्राप्त हुनेछ भन्ने आशा राख्न सकिन्छ।

अन्त्यमा, उदारमना श्री रानी जगदम्बा तथा गुठीका विशिष्ट विद्वान्हरूको नेपाली वाङ्मय विकासप्रति रहेको यसप्रकारको पुनीत भावना र कार्यले अझ व्यापक रूप लिँदै जाओस् भन्ने आन्तरिक कामना गर्दै पुरस्कृत विद्वान् डा. त्रिपाठीको योगदानले नेपाली भाषा साहित्यलाई भविष्यमा पनि आलोकित पार्दै राष्ट्रजीवनलाई लाभान्वित तुल्याउँदै जानेछ भन्ने आशा गर्दछु र यस अवसरमा उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछु।

जय देश, जय नरेश !

☒ ☒ ☒